निष्पक्ष समाचारको दृष्टान्त
साप्ताहिक खबर पत्रिका
सतासी
Satasi Weekly Newspaper
www.satashikhabar.com

युनिक स्टुडियो
हाम्रो सेवाहरु :
शिवसताक्षी न.पा.- ८, झिलझिले, झापा
प्रोफेसनल फोटो सुट
इभेन्ट कभरेज
वेडिङ, प्रि-वेडिङ र स्टुडियो सुट
फोटो प्रिन्ट, फोटो फ्रेमिङ, एल्बम
साधारण फोटो देखि प्रोफेसनल सुटसम्म
प्रो. विष्णु श्रेष्ठ
सम्पर्क :
9817964154
विगत लामो समयदेखि सर्वसुलभ रूपमा सेवा दिँदै आएको युनिक स्टुडियो तपाईंको सेवामा सधैं हाजिर छ।

❖ वर्ष : १५ ❖ अंक : १ ❖ पूर्णाङ्क : ६४२ वि.सं. २०८३ साउन ४ गते सोमबार 20th July 2026, Monday ❖ पृष्ठ : ८ ❖मूल्य : रु. १०।-

शिवसताक्षी नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिमा नपाको अभियान

विद्यालयलाई ई–भेन र सामग्री हस्तान्तरण

– सरोज भट्टराई

ब्याङडाँडा/ झापाको शिवसताक्षी नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा 'स्मार्ट विद्यालय' अवधारणालाई प्रभावकारी बनाउने उद्देश्यका साथ सूर्योदय आधारभूत विद्यालयलाई २३ लाख ५० हजार रुपैयाँ बराबरको इलेक्ट्रोनिक भ्यान (ई-भ्यान) प्रदान गरेको छ।

नगरपालिकाको परिसरमा आयोजित कार्यक्रममा नगर प्रमुख मेगाहाङ थोप्रा (रोशन), उपप्रमुख नरमाया कार्की र प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाङफेले संयुक्त रुपमा वडा नं. ५ स्थित सूर्योदय आधारभूत विद्यालयकी प्रधानाध्यापक सुभद्रा दुलाल कोइराला र पूर्व प्रअ जगतवीर लिम्बूलाई ई-भ्यानको साँचो हस्तान्तरण गरेका हुन्।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालयसम्म सुरक्षित, सहज र नियमित आवतजावतको सुविधा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाको 'स्मार्ट विद्यालय निर्माण' कार्यक्रमअन्तर्गत उक्त ई-भ्यान खरिद गरिएको हो। नगर शिक्षा शाखाका प्रमुख छवि ढकालका अनुसार ई-भ्यान खरिदका लागि शिवसताक्षी नगरपालिकाले १० लाख रुपैयाँ, वडा नं. ५ कार्यालयले १० लाख रुपैयाँ र विद्यालयले ३ लाख ५० हजार रुपैयाँ लागत साझेदारी गरेका हुन्। यसरी कुल २३ लाख ५० हजार रुपैयाँको लागतमा ई-भ्यान विद्यालयलाई उपलब्ध गराइएको उहाँले जानकारी दिएका छन्। कार्यक्रममा नगरपालिकाले अन्य सामुदायिक विद्यालयहरूलाई पनि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री हस्तान्तरण गरेको छ। सोही क्रममा श्री राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयलाई ५ थान डेस्कटप कम्प्युटर, भानु माध्यमिक विद्यायल पाराबारीलाई १ थान ल्यापटप, ३ थान डेस्कटप कम्प्युटर र १ थान प्रिन्टर प्रदान गरिएको छ। त्यस्तै बालनिकुञ्ज माध्यमिक विद्यालयलाई १ थान ल्यापटप, ३ थान डेस्कटप कम्प्युटर र भगवती माध्यमिक विद्यालय, ब्याङडाँडालाई १ थान स्मार्ट टिभी हस्तान्तरण गरिएको नगरपालिकाले जनाएको छ। सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै नगर प्रमुख मेगाहाङ थोप्राले सामुदायिक विद्यालयलाई गुणस्तरीय, प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउन नगरपालिकाले विगतदेखि निरन्तर लगानी गर्दै आएको बताएका थिए। उनले भने, "शिवसताक्षी नगरपालिकाले अघि सारेको 'स्मार्ट विद्यालय' अवधारणाले छोटो समयमै सकारात्मक परिणाम देखाउन थालेको छ। विद्यालयमा प्रविधिको पहुँच विस्तार भएसँगै शिक्षण-सिकाइ थप प्रभावकारी बन्दै गएको छ। शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र वडा कार्यालयबीचको सहकार्यलाई अझ सुदृढ गर्दै गुणस्तरीय शिक्षाको वातावरण निर्माण गर्न सबैले हातेमालो गर्न आवश्यक छ।" उनले प्रविधिसँगै विद्यालयको भौतिक पूर्वाधार विकासमा समेत नगरपालिकाले प्राथमिकता दिएको उल्लेख गर्दै यसबाट विद्यार्थीहरूले आधुनिक र गुणस्तरीय शिक्षा प्राप्त गर्ने विश्वास व्यक्त गरेका छन्।

सूर्योदय आधारभूत विद्यालयकी प्रधानाध्यापक सुभद्रा दुलाल कोइरालाले

बाँकी पृष्ठ २ मा...

कमलमा लामखुट्टेको लार्भा खोज र नष्ट अभियान सञ्चालन

– उमानाथ भण्डारी

कमल/ झापाको कमल गाउँपालिकामा डेंगु, चिकुनगुनिया लगायत लामखुट्टेजन्य रोगको रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले लामखुट्टेको लार्भा खोज तथा नष्ट अभियान सुरू भएको छ।

कमल गाउँपालिकाको स्वास्थ्य शाखाद्वारा सञ्चालन गरिएको लामखुट्टेको लार्भा खोज तथा नष्ट अभियान शनिबार कमल गाउँपालिका ५ स्थित पाडाजुंगी, मंगलबारेमा सम्पन्न भएको छ।

कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको अध्यक्षतामा सम्पन्न अभियानमा राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, महिला स्वास्थ्य स्वयम्सेविका, आमा समूह, युवा क्लब, सामाजिक संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी, कमल नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा स्थानीयबासीको उल्लेखनीय सहभागिता रहेको थियो। अभियानका क्रममा घर आँगन तथा सार्वजनिक स्थानमा पानी जम्ने भाँडा, टायर, गमला, ड्रम, बोतल, कुलरलगायतका स्थानको निरीक्षण गरी लामखुट्टेको लार्भा खोजी तथा नष्ट गरिएको थियो। साथै डेंगु तथा अन्य लामखुट्टेजन्य रोगबाट बच्न अपनाउनुपर्ने सावधानीका विषयमा जनचेतनामूलक सन्देश समेत प्रवाह गरिएको थियो।

अभियानमा सहारा नेपाल, केन्द्रीय कार्यालय, झापा को प्राविधिक सहयोग रहेको थियो भने सगुन युथ क्लब, कमल ५, शान्त जीवन प्रतिष्ठान नेपाल तथा नेपाल रेडक्रस सोसाइटी, कमल पालिका शाखा ले समन्वय गरेका थिए।

कार्यक्रममा सहारा नेपालका निखिता श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी कमल शाखाका

बाँकी पृष्ठ २ मा...

शिवसताक्षी ८ मा कुकुर पाल्न वडामा दर्ता अनिवार्य

झिलझिले/ झापाको शिवसताक्षी नगरपालिका-८ ले घरपालुवा कुकुरको व्यवस्थापनलाई व्यवस्थित र जिम्मेवार बनाउन

नयाँ व्यवस्था लागू गरेको छ। अब यस वडाभित्र कुकुर पाल्न चाहने व्यक्तिले वडा कार्यालयबाट अनिवार्य रूपमा अनुमति तथा दर्ता गराउनुपर्ने भएको छ।

सामुदायिक कुकुरको टोकाइका घटना बढ्दै जाँदा स्थानीयबासीको सुरक्षा चुनौतीपूर्ण बनेपछि यस्तो निर्णय गरिएको वडा अध्यक्ष सन्तकुमार फेउदिनले जानकारी दिएका छन्। उनका अनुसार कुकुरको आक्रमणका कारण सर्वसाधारण घाइते हुने र आवतजावतमा समेत असहजता बढेकाले दर्ता प्रणालीमार्फत कुकुर व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्य राखिएको हो। वडा कार्यालयले सार्वजनिक सूचना जारी गर्दै कुकुर पाल्ने सबैलाई अनिवार्य रूपमा दर्ता प्रक्रियामा सहभागी हुन आग्रह गरेको छ। दर्ताका लागि कुकुर धनीको व्यक्तिगत विवरणसँगै कुकुरको जात, उमेर, लिंग, रङ, उचाइ, लम्बाइ र तौलसम्बन्धी विवरण पेश गर्नुपर्नेछ।

त्यसैगरी, रेबिजविरुद्धको खोप लगाएको प्रमाणपत्र, कुकुर तथा धनीको रंगीन तस्बिर र वडा कार्यालयले तोकेको जिम्मेवारीसम्बन्धी सम्झौता पत्र पनि अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ। वडा कार्यालयले तयार पारेको कार्यविधि स्वीकार नगर्ने व्यक्तिलाई वडाभित्र कुकुर पाल्न अनुमति नदिइने वडाध्यक्ष फेउदिनले बताए। वडा कार्यालयका अनुसार हालसम्म १२ जना कुकुर धनीले आफ्ना कुकुर दर्ता गराइसकेका छन्।

यसअघि शिवसताक्षी-८ मा सामुदायिक कुकुरको टोकाइबाट नौ जना स्थानीयबासी घाइते भएका थिए। घाइतेहरूलाई नगरपालिकाले रेबिजविरुद्धको खोप उपलब्ध गराउनुका साथै उपचार सहयोगस्वरूप प्रतिव्यक्ति १० हजार रुपैयाँ आर्थिक सहायता प्रदान गरेको थियो। वडा कार्यालयले दर्ता प्रणालीमार्फत घरपालुवा कुकुरको जिम्मेवार व्यवस्थापन, जनस्वास्थ्यको संरक्षण तथा रेबिजलगायतका सम्भावित जोखिम न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

कमलमा उत्कृष्ट शिक्षक लगायत अन्य सम्मानित

कमल/ कमल गाउँपालिकाले शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, उत्कृष्ट कार्यसम्पादनको कदर तथा शिक्षण पेसाप्रति थप उत्साह र प्रेरणा प्रदान गर्ने उद्देश्यका साथ उत्कृष्ट शिक्षक, कर्मचारी तथा सेवानिवृत्त शिक्षकलाई सम्मान तथा पुरस्कृत गरेको छ।

गाउँपालिकाको शिक्षा शाखाले चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बुधबार आयोजित विशेष कार्यक्रममा सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक, कर्मचारी तथा लामो समयसम्म शिक्षा क्षेत्रमा योगदान पुऱ्याई सेवानिवृत्त भएका शिक्षकहरूलाई सम्मान गरेको हो। शिक्षा क्षेत्रमा समर्पित व्यक्तित्वहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै गाउँपालिकाले आयोजना गरेको कार्यक्रमलाई सहभागीहरूले शिक्षा क्षेत्रप्रति स्थानीय सरकारको सकारात्मक प्रतिवद्धताको रूपमा लिएका छन्। गाउँपालिका अध्यक्ष हुकुमसिंह राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिकाभित्र रहेका विभिन्न सामुदायिक विद्यालयका शिक्षक, विद्यालय कर्मचारी, जनप्रतिनिधि, शिक्षा शाखाका पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा सरोकारवालाको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गरेका शिक्षक तथा कर्मचारीलाई दोसल्ला ओढाएर सम्मान पत्र र नगद पुरस्कार प्रदान गरिएको थियो। त्यस्तै, लामो समयसम्म शिक्षण पेसामा समर्पित रही समाजमा ज्ञान, सीप र संस्कारको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका सेवानिवृत्त शिक्षकहरूलाई पनि सम्मान पत्र, दोसल्ला तथा नगदसहित सम्मान गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष हुकुमसिंह राईले शिक्षा नै समृद्ध समाज निर्माणको आधार भएको उल्लेख गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए। उनले उत्कृष्ट कार्य गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान गर्नु भनेको उनीहरूको मेहनत, समर्पण र जिम्मेवारीको कदर गर्नुका साथै अन्य शिक्षक तथा कर्मचारीलाई पनि उत्कृष्टता हासिल गर्न प्रेरित गर्नु रहेको बताएका छन्। अध्यक्ष राईले गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै विद्यालयको भौतिक पूर्वाधार विकास, प्रविधिमैत्री शिक्षण, शिक्षक क्षमता अभिवृद्धि, विद्यार्थीमैत्री वातावरण निर्माण तथा शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा पनि शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्दै गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्न गाउँपालिका प्रतिबद्ध रहने अध्यक्ष राईले बताए। कार्यक्रममा शिक्षा शाखाका प्रतिनिधिहरूले सम्मान तथा पुरस्कार वितरण कार्यक्रमको उद्देश्यबारे जानकारी गराउँदै विद्यालयमा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीको मनोबल उच्च बनाउनु, स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नु तथा सेवा निवृत्त शिक्षकहरूको योगदानलाई सम्मानपूर्वक स्मरण गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको शिक्षा शाखा प्रमुख सुर्य प्रसाद न्यौपानेले बताए। सम्मानित शिक्षक तथा कर्मचारीहरूले आफूहरूको कामको उचित मूल्याङ्कन भएको महसुस भएको प्रतिक्रिया दिनु भएको थियो स्थानीय सरकारले गरेको सम्मानले आगामी दिनमा अझ जिम्मेवार, अनुशासित र समर्पित भएर काम गर्ने प्रेरणा मिलेको सम्मानित हुनुहुने शिक्षक विजय कुमर अधिकारीले बताएका छन्। त्यस्तै सम्मानित सेवानिवृत्त शिक्षकहरूले आफ्नो जीवनभरको शिक्षण यात्राको कदर भएकोमा गाउँपालिकाप्रति आभार व्यक्त गरेका थिए।

कार्यक्रमको सम्मानित व्यक्तित्वहरूलाई बधाई दिँदै शिक्षा क्षेत्रको समग्र विकासका लागि स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक तथा समुदायबीच सहकार्य आवश्यक रहेकोमा जोड दिइएको थियो। गाउँपालिकाले आगामी वर्षहरूमा पनि उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी तथा शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। स्थानीय तहबाट शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै उत्कृष्ट कार्यको सम्मान गर्ने यस्तो अभ्यासले विद्यालयमा सकारात्मक कार्यसंस्कृति विकास गर्न, शिक्षक तथा कर्मचारीको मनोबल बढाउन र समग्र शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको गरिएको शिक्षा शाखाका प्राविधिक रविन गौतमले बताएका छन्।

यसैगरी २०८२ सालको एसईई र कक्षा १२ को परिक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने कमल २ स्थित महेन्द्र रत्न माध्यमिक विध्याललयलाई नगद ३० हजार रुपैयाँसहित पुरस्कृत गरिएको थियो।

भानु जयन्तीमा साहित्य, कला, संस्कृतिकर्मीहरु सम्मानित

दमक/ दमक प्रज्ञा प्रतिष्ठान दमकले आज साहित्य कला, संस्कृति, भाषा र शिक्षा क्षेत्रमा योगदान पुराउनु भएका पाँच जना व्यक्तित्वहरुलाई सम्मान गरेको छ।

हुने व्यक्तित्वहरुमा हिमालय माध्यमिक विद्यालय दमकका पूर्व प्रधानध्यापक छबिलाल शर्मा सिटौला, साहित्यकारहरु दक्षराज शर्मा, प्रतिभा निकेतनका पूर्व अध्यक्ष मेघराज तिम्सिना, थापाले भाषा, साहित्य, संस्कृति लगायतका क्षेत्रको संरक्षण जर्गेना गर्न नगरपालिका लागिपर्ने बताएका छन्। कला, साहित्य, भाषाको संरक्षण गर्न सके मात्र समाज संरक्षण हुने नगर प्रमुख थापाले बताए।

प्रतिष्ठानका अध्यक्ष प्राध्यापक डाक्टर गोपाल भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा भानुभक्त सम्वन्धि वृत्तचित्र सोम रायले प्रस्तुत गरेका थिए भने बिहानी कला केन्द्र दमकका कलाकारले सांस्कृतिक प्रस्तुती दिएका थिए।

त्यसैगरी कार्यक्रममा भानु जयन्ती आजको सन्दर्भका विषयमा कार्यपत्र प्रतिष्ठानका संस्थापक अध्यक्ष हेम अधिकारीले प्रस्तुत गरेका थिए। कार्यपत्र माथि टिप्पणी स्रष्टा शिव रेग्मी प्रणतले गरेका थिए।

दमक क्षेत्रलाई कर्मथलो बनाएर साहित्य, कला, भाषा संस्कृति र शिक्षा क्षेत्रमा योगदान दिएका व्यक्तित्वहरुलाई कार्यक्रममा सम्मान गरेको हो।

२१३औं भानु जयन्तीको अवसरमा दमक प्रज्ञा प्रतिष्ठानद्वारा सम्मातिन तथा पुरस्कृत खेमलाल पोखरेल र गणेशमान धिमाल रहेका छन्। उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि दमक नगरपालिकाका नगर प्रमुख तथा प्रतिष्ठानको संरक्षक राम थापाले दोसल्ला ओढाएर समान पत्रद्वारा सम्मान गरेका छन्। स्रष्टाहरुलाई सम्मानपछि बोल्दै नगर प्रमुख

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य सुमित्रा बाङदेल चेली, दमक प्रज्ञा प्रतिष्ठानको उपाध्यक्ष बेञ्जना शर्मा लगायतले भानुभक्तको योगदानको चर्चा गरेका थिए।

प्यान नं.: ६२१८९०५५० अन्त शुल्क इजाजत नं.: ११०२०१३४५२५ सम्पर्क नं.: ९७०८६५५१८८, ९८६२६४०१४६, ९८०६१३१२३४
एशियन हाइवे होटल एण्ड सेकुवा कर्नर
Asian Highway Hotel & Sekuwa Corner
शिवसताक्षी-८, झिलझिले, पूर्व बस बिसौनी दक्षिण, झापा, नेपाल
Shivasatakshi-8, Jhiljhile, In Front of East Bus Stand, Jhapa, Nepal
उपलब्ध परिकार तथा पेयपदार्थहरू:

हाम्रो सेवाहरू
खाजा तथा खानाका परिकारहरू :
चिया, चना, चाउमिन, हाक्का चाउमिन, थुक्पा, म:म:, फ्राइ राइस, बिर्यानी, रोटी, दही-चिउरा, चटपट तथा अर्डर अनुसार भेज, ननभेज खाना तयार गरिन्छ।
अन्य परिकारहरू :
पोर्क सेकुवा, पोर्क तरूवा, पोर्क चिल्ली, पोर्क तास, बफ सुकुटी, बफ भुटन, चिकेन ललिपप, चिकेन लेग पिस, चिकेन चिल्ली, चिकेन लेमन चिल्ली, चिकेन रोस्ट, चिकेन फ्राइ, माछा ग्रेभी, अर्डर अनुसार खसीको सेकुवा, भुटन, खसी ग्रेभी, खसी सुपका साथै विभिन्न प्रकारका चिसो र ब्राण्डका पेय पदार्थ र हुक्काको पनि सुविधा छ।
प्रबन्ध सञ्चालक : कुमार सिंह साँवा लिम्बू
व्यवस्थापक सञ्चालक : खीन माया राई (बिना)
जयहाङ राई (किसान)
सम्पर्क :
९८६२६४०१४६
९८०६१३१२३४
९८०८६५५१८८

सम्पादकीय ....

विपद व्यवस्थापनका लागि तयारी अवस्थामा रहौं

अहिले जल तथा मौसम विभागले अत्याधिक वर्षाको चेतावनी जारी गरिरहेको छ। यस्तो अवस्था विपदउन्मूख हुने भएकोले बाढी, डुबान, नदी कटान, पहिरो, सडक अवरोध जस्ता विभिन्न अवस्थाहरु आउन सक्ने चेतावनी पनि हो। भनिन्छ विपद बाजा बजाएर आउदैन तर विपद आउनु अघि चेतावनी आइरहेको हुन्छ। त्यस्तो चेतावनीलाई नजरअन्दाज गरियो भने त्यसले ठुलो मानवीय, आर्थिक तथा भौतिक क्षति पुऱ्याउन सक्छ।

विपदको सामना गर्ने हो किन कि विपद टार्न सकिदैन। त्यसको लागि आवश्यक पूर्व तयारी गर्नु अपरिहार्य हुन्छ । विपद सामना गर्नको लागि आवश्यक पर्ने वस्तु तथा मानसिक तयारी गर्नु नै बुद्धिमानी ठहर्छ। यसको लागि संघीय, प्रदेश र स्थानीय तीनै तहको सरकारका साथै नागरिकको पनि उत्तिकै भूमिका हुन्छ। नदी किनारका घर तथा बस्तीमा उच्च सतर्कता अपनाउने, सूचना लिएर मात्र यात्रा गर्ने, बाढी आएको बेला काठ, दाउरा संकलन गर्न नदीमा नपस्ने, सुरक्षित स्थानको पहिचान गर्ने, विपदको समयमा सबै एकजुट भएर कार्य गर्ने आदिबाट विपदको सामना गर्न सकिन्छ।

नागरिकको जिउ, धनको सुरक्षामा राज्यको मात्र दायित्व हुने होइन, नागरिक पनि स्वयम् उत्तिकै जिम्मेवार बन्नुपर्छ। आपसी सहकार्य, सरसल्लाह, सहयोगबाट आइपर्ने विपदको सामना गर्दै क्षतिलाई टार्न सकिन्छ। सूचना तथा सञ्चारलाई प्रभावकारी बनाई विपदको जानकारी समयमै आदानप्रदान गर्नु आजको अनिवार्य आवश्यकता हो।

विद्यालयलाई ई-भेन ......

विद्यालयलाई ई-भ्यान उपलब्ध गराएकोमा शिवसताक्षी नगरपालिका र वडा नं. ५ कार्यालयप्रति आभार व्यक्त गरेकी छिन्। उनले भ्यानले विशेष गरी टाढाबाट आउने विद्यार्थीहरूको नियमित उपस्थितिमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरिन्।

यता श्री राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापक गिरीराज सेर्माले विद्यालयमा रहेका केही पुराना डेस्कटप कम्प्युटर प्रयोग गर्न नसकिने अवस्थामा रहेको बताउँदै नगरपालिकाबाट प्राप्त नयाँ कम्प्युटरपछि विद्यालयमा कुल १३ वटा कम्प्युटर सञ्चालनमा आउने जानकारी दिएका छन्। यसले विद्यार्थीहरूको कम्प्युटर शिक्षालाई थप सहज, प्रभावकारी र व्यवहारिक बनाउने उनको भनाइ थियो।

नगर शिक्षा शाखाका प्रमुख छवि ढकालका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा 'स्मार्ट विद्यालय निर्माण' कार्यक्रमअन्तर्गत प्रविधि हस्तान्तरणका लागि ५९ लाख ७ हजार रुपैयाँ खर्च गरिएको छ। केही सामग्री यस कार्यक्रममार्फत हस्तान्तरण गरिएको र बाँकी सामग्री नगरमा आइपुगेपछि अन्य विद्यालयहरूलाई पनि क्रमशः वितरण गरिने उहाँले जानकारी दिएका छन्। उनका अनुसार यही कार्यक्रमअन्तर्गत बालसेवा माध्यमिक विद्यालय, भगवती माध्यमिक विद्यालय, बालनिकुञ्ज माध्यमिक विद्यालय, लालपानी माध्यमिक विद्यालय, लक्ष्मीनारायण माध्यमिक विद्यालय तथा झिलझिले माध्यमिक विद्यालयलगायतका विद्यालयमा कक्षाकोठा निर्माण सम्पन्न भइसकेको छ। आगामी दिनमा प्रविधि विस्तारसँगै विद्यालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधार विकासलाई अझ तीव्रता दिइने नगरपालिकाको योजना रहेको छ।

कार्यक्रममा नगर उपप्रमुख नरमाया कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाङ्फे, लेखा शाखा प्रमुख प्रकाश योङ्हाङ, वडा नं. ५ का वडा अध्यक्ष सिकिन पासवान लगायत शिक्षकहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन नगर शिक्षा शाखाका प्रमुख छवि ढकालले गरेका थिए।

कमलमा लामखुट्टेको ......

सभापति चन्द्र शाह, सगुन युथ क्लबका अध्यक्ष देवी आङ्देम्बे, लखनपुर स्वास्थ्य चौकी प्रमुख देवराज पराजुली, कमल गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दिपक दाहाल, शान्त जीवन प्रतिष्ठान नेपालका सञ्चालक रोशन भट्टराई, पत्रकार विष्णु आङ्देम्बे लगायत विभिन्न संघसंस्था, व्यवसायिक क्षेत्र तथा स्थानीय समुदायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

पाडाजुँगी चोक बाट सुरु भएको खोज र नस्ट अभियान मंगलमय माविको उत्तर भागसम्म पुगी रवि पेट्रोल पम्प देखि पश्चिम् छेत्र सम्म पुगेको थियो। पानी जम्मा हुने बोटल, टायर, गमलाहरुको स्थलगत अध्ययन गरी सर्च एण्ड डिस्ट्रोय कार्यक्रम सन्चालन गरिएको थियो।

कार्यक्रममा अध्यक्ष हुकुमसिंह राईले डेंगु नियन्त्रणका लागि समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको उल्लेख गर्दै प्रत्येक घरपरिवारले नियमित रूपमा आफ्नो घर-आँगन वरपर पानी जम्न नदिने र लामखुट्टेको लार्भा खोजी तथा नष्ट गर्ने अभियानलाई निरन्तरता दिन आग्रह गरेका छन्। उनले स्वस्थ, सुरक्षित र डेंगुमुक्त कमल निर्माणका लागि सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताएका छन्।

देशमा आत्मदाहको शृङ्खला बढ्दै र राज्यको संवेदनहीना घट्दै

नवीन राई

हालैका दिनहरुमा देशमा पछिल्ला केही दिनयता भएका आत्मदाह र आत्मदाह प्रयासका शृङ्लाबद्ध घटनाले नेपाली समाजलाई गम्भीर प्रश्नहरूको कठघरामा उभ्याइदिएको छ। संघीय राजधानीको त्रिपुरेश्वरमा गणेश नेपालीले आफ्नै शरीरमा आगो लगाए। त्यो घटना सेलाउन नपाउँदै काठमाडौंकै बुद्धनगरमा अर्को एक व्यक्तिले आत्मदाह गरे भने सर्लाहीमा पनि यस्तै आत्मघाती प्रयास भयो।

चालु आर्थिक वर्षको तथ्याङ्क मात्र हेर्ने हो भने पनि ११ जनाले आत्मदाह र त्यसको प्रयास गरिसकेका छन्, जसमा ९ जनाले संसार छाडिसके। आखिर किन हाम्रो समाज यसरी एउटा भयानक 'डेथ जोन'मा परिणत हुँदैछ ? के यो केवल राज्य र सरकारको असफलता मात्र हो कि यसमा नागरिकका रूपमा हाम्रो आफ्नै चेतना र भूमिकामाथि पनि ठूलो प्रश्नचिह्न खडा भएको छ ? निःसन्देह, यसको जडमा राज्यको निर्ममता र शासकीय कठोरता छ। तर, यसो भनिरहँदा नागरिक आफैँ पनि जिम्मेवार बन्नैपर्छ।

यस्ता हृदयविदारक घटना देख्दा पहिलो आक्रोश स्वाभाविक रूपमा राज्यतर्फ नै सोझिन्छ। किन एउटा नागरिक यस्तो पीडादायी निर्णयसम्म पुग्न विवश भयो ? सरकारी निकायहरू किन समयमै संवेदनशील हुन सकेनन् ? सार्वजनिक सेवा किन नागरिकमैत्री र मर्यादित बन्न सकेन ? यी सबै प्रश्न सत्तालाई सोधिनैपर्छ। तर, यसैसँगै अर्को प्रश्न पनि त्यत्तिकै महत्वपूर्ण छ- एउटा विवाद, एउटा असन्तुष्टि वा राज्यले गरेको एउटा अपमानको अन्तिम उत्तर आफ्नै शरीरमा आगो झोस्नु हो त ?

राज्यको पहिलो र अनिवार्य कर्तव्य नागरिकको जीउधनको सुरक्षा हो। संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्ने अधिकारको प्रत्याभूति गरेको छ। सरकारको काम नागरिकलाई सेवा र अभिभावकत्व दिनु हो, पीडा थप्नु होइन। तर, थापाथली र बल्खुका सुकुम्बासी बस्तीमा विकल्प र पुनर्स्थापनाको न्यूनतम मानवीय प्रबन्धसमेत नगरी विकल्पविहीन रूपमा डोजर चलाइँदा १७ वर्षीय रविन तामाङ र ६१ वर्षीय इन्द्रबहादुर राईले ज्यान गुमाउनु राज्यको अमानवीय कार्यशैलीको परिणाम हो।

नियम लागू गर्दा र कानुन कार्यान्वयन गर्दा राज्यले न्यूनतम संवेदनशीलता देखाउनैपर्छ। प्रशासनले कानुनको पालना गराउनुपर्छ, तर नागरिकको आत्मसम्मान र गरी खाने अधिकारलाई कुल्चेर होइन। नागरिकका समस्या सुन्ने र गुनासो सम्बोधन गर्ने संयन्त्र बलियो हुनुपर्छ। राज्यका निकायमा सेवा लिन आउने सर्वसाधारणलाई जब अपराधीझैँ व्यवहार गरिन्छ, तब नागरिकमा हीनताबोध र चरम निराशा बढ्छ, जसले अन्ततः यस्ता अप्रिय मोडहरू निम्त्याउँछ।

तर, राज्य क्रूर बन्यो भन्दैमा वा सरकार 'बहिरो' भयो भन्दैमा आफ्नै शरीरमा पेट्रोल छर्कने आत्मघाती निर्णय कुनै पनि हालतमा न्यायसङ्गत वा विवेकपूर्ण हुन सक्दैन। आत्महत्या वा आत्मदाह कहिल्यै पनि क्रान्ति वा विद्रोह हुन सक्दैन। यो त चरम निराशा र मानसिक आवेगको पराकाष्ठा मात्र हो। नियम वा शासकीय व्यवहार मन नपरे त्यसको विरोध गर्ने अनेकौँ बाटाहरू छन्।

कानुनी उपचार खोज्न अदालत जान सकिन्छ, सडकबाट शान्तिपूर्ण आन्दोलन गर्न सकिन्छ र सामाजिक अभियानहरू चलाउन सकिन्छ। तर, आफ्नो अमूल्य जीवन नै अन्त्य गर्ने निर्णयले कसैको हित गर्दैन र यसले कुनै पनि समस्याको स्थायी समाधान दिँदैन।

आत्मदाहले क्षणिक रूपमा राज्यलाई दबाब त देला, तर त्यसले सम्बन्धित परिवारलाई जीवनभर निको नहुने गहिरो घाउ छाडेर जान्छ। आमाबुबाले बुढेसकालको सहारा सन्तान गुमाउँछन्, श्रीमतीले श्रीमान् गुमाउँछिन्, र छोराछोरीले आफ्नो अभिभावक गुमाउँछन्। एउटा व्यक्तिको मृत्यु केवल तथ्याङ्कको एउटा संख्या मात्र होइन, कयौं परिवारको सिंगो भविष्य र सपनाको अन्त्येष्टि पनि हो।

अझ गम्भीर कुरा, सामाजिक सञ्जालमा कसैको आत्मदाहको घटनालाई 'सहिद', 'महान् विद्रोही' वा 'वीर'को उपमा दिएर बढावा दिने जुन प्रवृत्ति समाजमा मौलाउँदैछ, त्यसले मानसिक रूपमा कमजोर वा तनावमा रहेका अन्य व्यक्तिहरूलाई पनि त्यस्तै आत्मघाती कदम चाल्न प्रेरित गरिरहेको छ भन्नेतर्फ विचार पुर्याउनु पर्छ।

हामीले अर्को एउटा तीतो वास्तविकतालाई पनि स्वीकार गर्नैपर्छ- अहिले समाजमा मानसिक स्वास्थ्यको समस्या तीव्र रूपमा बढिरहेको छ। बेरोजगारीको पीडा छ, आर्थिक मन्दी छ, ऋणको भारी छ र सामाजिक सञ्जालले बढाएको अस्वस्थ तुलना छ, जसले मानिसलाई भित्रभित्रै खोक्रो बनाइरहेको छ।

हाम्रो समाजको अर्को ठूलो समस्या भनेको नागरिकहरूको उग्र र सतही चेतना हो। हिजो केपी ओली आधुनिक राष्ट्रवादका मसिहा थिए र युवाहरू उनका आलोचकलाई अरिङ्गाल बनेर डस्न तँछाडमछाड गर्थे। तर आज तिनै ओली धेरैको नजरमा सबैभन्दा ठूलो खलनायक बनेका छन्। आज त्यही अन्धभक्तिको ओली प्रवृत्ति रवि लामिछाने र बालेन्द्र शाहका फ्यान क्लबहरूमा सरेको छ।

हिजो प्रतिपक्षमा हुँदा प्रेमप्रसाद आचार्यको आत्मदाहमा आँसुका घैला बगाउने र तत्कालीन सरकारलाई 'चरम असफल' घोषणा गर्नेहरू आज आफैँ सत्ता र शक्तिको सर्वोच्च कुर्सीमा विराजमान छन्। तर आज सिंहदरबारकै दैलोमा गणेश नेपाली र अश्विन राउतहरू जलिरहँदा उनीहरू लासहरूको वर्गीकरण गर्दैछन् वा प्रशासनिक नियमको निर्दयी वकालत गरिरहेका छन्।

नागरिकको चेतना त्यतिबेला मात्र परिपक्व मानिन्छ, जब उसले आफ्नो प्रिय नेताको कुर्सी हेरेर आँसु बगाउने वा नियमको डन्डा तेर्स्याउने द्वैध चरित्र त्याग्छ। देउता र दानवको यो खेलमा हामीले नेताहरूलाई भगवान् बनाउने गल्ती गरिरह्यौं भने, उनीहरू भोलि निरङ्कुश दानव बन्न धेरै समय लाग्दैन। सजग नागरिकले नेताहरूको सामाजिक सञ्जालका 'लाइक' र 'फलोअर्स' होइन, उनीहरूको कार्यशैली, शासकीय आचरण र मानवीय संवेदनाको कडा हिसाब माग्नुपर्छ।

सरकार फेरिन्छन्, मन्त्री फेरिन्छन्, फेसबुकका ट्रेन्डिङ ह्यासट्यागहरू फेरिन्छन्, तर एउटा भुइँमान्छेको नियति कहिल्यै फेरिँदैन। यो नियति तबसम्म फेरिँदैन जबसम्म राज्यले सुन्दर सहरभन्दा पहिले त्यो सहरभित्र बस्ने मान्छेको रगत र पसिनाको मूल्य बुझ्दैन। सरकारको लोकप्रियता भाषण वा भर्चुअल दुनियाँका लाखौँ 'लाइक'ले होइन, एउटा साधारण नागरिकले सरकारी कार्यालयको ढोकामा पाउने न्यूनतम सम्मान र सुरक्षाले मापन हुन्छ। तर, शासकहरूलाई संवेदनशून्यताको यो सुखद निद्राबाट ब्युँझाउन नागरिक आफैँ पनि ब्युँझिनु अनिवार्य छ।

हामीले शासकहरूलाई प्रश्न सोध्न कहिल्यै नछोडौं, तर सँगसँगै आफ्ना दाजुभाइ, दिदीबहिनीहरूलाई निराशाको त्यो अँध्यारो गर्तमा खस्न र आफ्नै शरीरमा आगो झोस्न बाध्य हुने स्थितिबाट जोगाउन एउटा सचेत र सहृदयी समाजको निर्माण गरौँ। लासहरूमाथि ठडिएको सहर कहिल्यै सुन्दर हुन सक्दैन। विकास र कानुनको परिभाषा मान्छेलाई मारेर होइन, मान्छेलाई बचाएर मात्र पूर्ण हुन्छ। राज्य ब्युँझियोस्, सरकार सुध्रियोस् र नागरिक सचेत बनून्, ताकि अब कुनै पनि राहदानी विभाग वा संसद् भवनको अगाडि फेरि अर्को चिता बाल्न नपरोस्।

यस्तो संवेदनशील घडीमा मिडियाको भूमिका पनि अत्यन्त जिम्मेवार हुनुपर्छ। आत्मदाहका घटनालाई सनसनीपूर्ण बनाएर वा 'भ्युज' बटुल्ने माध्यम बनाएर प्रस्तुत गर्नु हुँदैन। त्यसको महिमामण्डन गर्नु झन् खतरनाक र आत्मघाती हुन्छ। बरु त्यस्ता घटनाका अन्तर्निहित सामाजिक कारण, मानसिक स्वास्थ्यका आयाम, सामाजिक सहयोग र सरकारी सेवामा आवश्यक सुधारबारे गम्भीर बहस चलाउनुपर्छ। सञ्चारमाध्यमले समाजमा निराशा होइन, चेतना र आशा फैलाउनुपर्छ।

राजनीतिक दलहरूले पनि यस्ता दुःखद घटनालाई केवल एकअर्कामाथि हिलो छ्याप्ने र आरोप-प्रत्यारोप गर्ने सस्तो माध्यम बनाउन छोड्नुपर्छ। सत्ता बदलिँदा बोली र धारणा बदलिने तर भुइँमान्छेको सास्ती उस्तै रहने प्रवृत्तिको अन्त्य हुनुपर्छ। प्रतिपक्षमा हुँदा राज्य असफल भयो भन्ने र सत्तामा पुगेपछि उही कमजोरी दोहोऱ्याउने राजनीतिक ढोंग कदापि स्वीकार्य हुन सक्दैन।

अर्कोतर्फ, नागरिकले पनि विधिको शासन र कानुनको सम्मान गर्नुपर्छ। समस्या वा असमझदारी पर्दा आक्रोश होइन, संवादको बाटो रोज्नुपर्छ। मानसिक तनावलाई मनभित्रै लुकाएर आत्मघाती मोडमा पुग्नुको साटो परिवार, समाज वा विज्ञहरूसँग साझा गरेर समाधान खोज्नुपर्छ। आफ्नो जीवन कुनै पनि क्षणिक समस्या, अपमान वा असफलताभन्दा कैयौँ गुणा ठूलो र अमूल्य हुन्छ भन्ने कुरा समाजले आफ्ना नागरिकलाई निरन्तर बुझाइरहनुपर्छ।

गणेश नेपाली र अश्विन राउतजस्ता नागरिकले ज्यान गुमाउनुपरेका यी हृदयविदारक घटनाले हामीलाई एउटै प्रस्ट सन्देश दिएका छन्- राज्य अझ संवेदनशील बन्नुपर्छ, सरकार अझ जिम्मेवार बन्नुपर्छ र नागरिक पनि अझ सचेत बन्नुपर्छ। किनकि, आगोको ज्वालाले कुनै पनि समस्याको निकास दिँदैन, यसले त केवल विनाश निम्त्याउँछ। समाधान त त्यतिबेला मात्र सुरु हुन्छ, जब राज्यले नागरिकको रोदन सुन्छ, समाजले सङ्कटमा परेकाको हात समाउँछ र नागरिक स्वयम्ले आफ्नो जीवनलाई संसारको जुनसुकै निराशाभन्दा माथि राखेर बाँच्ने साहस गर्छ। यही चेतना निर्माण गर्न सक्यौं भने मात्रै यस्ता दुःखद घटनाहरू इतिहास बन्नेछन्, नत्र भविष्य झन् भयानक हुनेछ।

शैक्षिक क्षेत्रमा दुई दिने विदाले पारेका नाकारात्मक असरहरु

हरि ज्ञवाली

नेपाल सरकारले पेट्रोलियम पदार्थको आपूर्तिमा असहजताको कारण देखाउँदै गत चैत २३ गतेदेखि शनिवार र आइतबार गरी हप्तामा दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागू गरेको छ।

सरकारको यो निर्णयसँगै सम्पूर्ण शैक्षिक संस्था र सरकारी कार्यालय हप्ताको दुई दिन बन्द भइरहेका छन्। सरकारले शैक्षिक संस्था बाहेकका अन्य कार्यालयहरूको कार्यसमय बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म कायम गरेको भए पनि विद्यालयको हकमा यो व्यवस्था उपयुक्त र व्यावहारिक, पूर्णतः अनुपयुक्त र अव्यवहारिक एवं नकारात्मक असर गर्ने खालको छ भन्ने कुरामा भने गम्भीर छलफल गरी पुनर्विचार गर्नुपर्ने भएको छ।

असफलतापछिको यो तेस्रो प्रयास

नेपालको इतिहासमा हप्तामा दुई दिन बिदा दिने निर्णय यो तेस्रो प्रयास हो। यसअघि दुई पटक यस्तै निर्णय गरिए पनि ती दुवै प्रयास असफल भएका थिए। पहिलो प्रयास ०५६ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको पालामा साउन १ गतेबाट काठमाडौं उपत्यकामा परीक्षणका रूपमा सुरु गरिएको थियो। तर, कार्यालयको काम प्रभावित भएको, विद्यार्थीहरूको पढाइको कार्य घण्टा नपुगेको र सेवाग्राहीलाई दैनिक सेवा लिन सास्ती भएको भन्दै आलोचना भएपछि सरकार उक्त निर्णयबाट पछि हट्नुपऱ्यो। दोस्रो प्रयास ०७९ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले पेट्रोलियम पदार्थको खपत घटाउन र विदेशी मुद्राको सञ्चिति जोगाउन भन्दै ०७९ जेठ १ गतेदेखि देशभर दुई दिने बिदा लागू गऱ्यो। तर, सार्वजनिक सेवा प्रवाहमा समस्या देखिएको, प्रशासनिक काममा ढिलासुस्ती भएको र प्रभावकारी नभएको एवं विद्यार्थीहरूको पढाइको कार्य घण्टा नपुगेको भन्दै जनस्तरबाट चर्को आलोचना भएपछि आफैले लागू गरेको एक महिनामै उक्त निर्णयबाट सरकार पछि हट्न बाध्य भयो।

यतिखेर पुनः पेट्रोलियम पदार्थको आपूर्तिमा आएको असहजतालाई नै मुख्य कारण देखाउँदै सरकारले यो प्रयोगलाई दोहोऱ्याएको छ।

बढ्दै छन् गुनासा र उल्लंघनका घटना

यसपटक खासगरी शैक्षिक संस्थाहरूमा हप्तामा २ दिन (शनिवार र आइतबार) बिदा दिने निर्णयले विद्यार्थीको शैक्षिक पठनपाठन र अतिरिक्त क्रियाकलापमा कमी आउनुका साथै बालबालिकामा मोबाइल, टिभी लगायतका डिजिटल सामग्रीको अत्यधिक प्रयोग बढ्न गई मानसिक रूपमा नकारात्मक प्रभाव परेको भनी लिखित र मौखिक गुनासो बढ्दै गएका छन्।

कतिपय पालिकाहरूले संघीय सरकारको यो निर्णयको उल्लंघन गर्न थालेपछि दुई पटक असफल भएको दुई दिने बिदाको मोडेल यस पटक पनि अनुपयुक्त र असफल हुने त होइन ? आशङ्का बढ्न थालेको छ। शिक्षा नियमावली, २०५९ अनुसार एक शैक्षिक सत्रमा विद्यालय न्यूनतम २२० दिन खुला हुनुपर्ने व्यवस्था छ। साथै बिदा वा बन्द दिन बढीमा ४५ दिनसम्म हुन सक्ने उल्लेख गरिएको छ। विद्यालय कम्तीमा २२० दिन खुल्नुपर्ने, कम्तीमा २०५ दिन पठनपाठन हुनुपर्ने, दैनिक करिब ६ घण्टा विद्यालय सञ्चालन गर्नुपर्ने र खेलकुद, व्यावहारिक सीप अनि अतिरिक्त क्रियाकलाप लगायतका गतिविधि सञ्चालन गर्नुपर्ने भनिएको छ। यसैगरी नेपालको शिक्षा प्रणालीमा सरकारले स्वीकृत पाठ्यक्रम लागू गर्नुपर्ने, कक्षाअनुसार निश्चित पाठ्यभार र कार्य घण्टा पूरा गर्नुपर्ने कानुनी व्यवस्था रहेकोले यी सबै शैक्षिक मापदण्ड पूरा गर्न विद्यालयहरूले तदनुरुप समय व्यवस्थापन, अतिरिक्त सिकाइका गतिविधि तथा कार्य घण्टा पूरा गर्न सम्भव देखिँदैन।

३६५ दिनमा २०५ दिन बिदा

यस वर्ष ०८३ सालमा विभिन्न राष्ट्रिय पर्व र उत्सव लगायतका ३७ वटा सार्वजनिक बिदा परेका छन्। ५२ वटा शनिवार रहेका छन् भने ५२ वटै आइतबार पनि परेका छन्। प्रदेश सरकार र स्थानीय सरकारले दिन पाउने बढीमा ५-५ वटा बिदा, विभिन्न स्थानीय जातजातिका चाडपर्व तथा उत्सवमा दिनुपर्ने बिदाहरू र अन्य भइपरी आउने नानाथरीका सारा बिदाहरूलाई समेत जोड्दा यो वर्ष करिब १६० दिन विद्यालय बन्द रहने अवस्था छ।

विद्यालयहरूले दिने बर्खे र हिउँदे बिदाका ४५ दिनसमेत हिसाब गर्दा बिदाहरू करिब २०५ दिनसम्म पुग्न सक्छन्। यो अवस्थामा सरकारले तोकेको विद्यालय कम्तीमा २२० दिन खुल्नुपर्ने र कम्तीमा २०५ दिन पठनपाठन हुनुपर्ने प्रावधान कसरी पूरा होला ? विद्यार्थीको शिक्षण सिकाई प्रक्रिया कसरी सम्पन्न होला ? गम्भीर प्रश्न उठेका छन्।

नकारात्मक पक्षहरू

विद्यालयमा दुई दिनको बिदाले विद्यार्थी, शिक्षक र अभिभावकलाई विश्रामको अवसर दिए पनि नेपालको शैक्षिक, सामाजिक तथा आर्थिक अवस्थालाई हेर्दा यो त्यति प्रभावकारी र उपयुक्त हुने देखिँदैन। नेपालको शैक्षिक अवस्था, सीमित शैक्षिक समय र ठुलो पाठ्यभारलाई हेर्दा यसले कार्य घण्टा तथा पाठ्यक्रममा विभिन्न नकारात्मक असर पार्न सक्छ। मुख्य असरहरू निम्न प्रकार छन्।

कार्य घण्टा घट्ने समस्याः नेपालको विद्यालय शिक्षामा निश्चित वार्षिक कार्य घण्टा पूरा गर्नुपर्ने व्यवस्था छ। दुई दिन बिदा हुँदा हप्तामा पठनपाठन हुने दिन घट्छ। दैनिक समय थपे पनि व्यवहारमा पूर्ण प्रभावकारी हुँदैन। चाडपर्व, बन्द, वर्षा, जाडो, परीक्षा आदि कारण थप समय नोक्सान हुन्छ। अन्ततः आवश्यक कार्य घण्टा पूरा गर्न कठिनाइ हुन्छ। यसले सिकाइको गुणस्तरमा प्रत्यक्ष असर पार्छ।

पाठ्यक्रम अधुरो रहने जोखिमः नेपालमा पाठ्यक्रम पहिले नै निकै विस्तृत र पाठ्यभार बढी भएको गुनासो छ। दुई दिन बिदा हुँदा शिक्षण दिन घट्ने भएकाले शिक्षकले हतारमा पढाउनुपर्ने अवस्था आउँछ। यस्तो अवस्थामा शिक्षकले सबै विषय गहिराइमा पढाउन समय पाउँदैनन्। पाठ्यक्रम हतारमा सकाउने प्रवृत्ति बढ्नेछ। प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ घट्न सक्छ। केही पाठ वा अभ्यास छोड्नुपर्ने अवस्था आउन सक्छ। विद्यार्थीको वास्तविक ज्ञान कमजोर बनाउनेछ। अन्ततः यसले गुणस्तरीय शिक्षामा प्रत्यक्ष असर पुग्ने निश्चित देखिन्छ।

कमजोर सिकाइः दुई दिन विद्यालय बन्द हुँदा विद्यार्थी पढाइबाट लामो समय टाढा हुन्छन्। साना कक्षाका विद्यार्थीले सिकेका कुरा बिर्सने सम्भावना बढ्छ। गृहकार्य तथा पुनरावृत्ति कमजोर हुन्छ। अध्ययनको नियमित बानीमा असर पर्छ। लामो अन्तरालले अध्ययनको नियमित बानी कमजोर बनाउन सक्छ। निरन्तर अभ्यास आवश्यक पर्ने गणित, विज्ञान, भाषा जस्ता विषयमा यसको असर बढी देखिन्छ। अन्ततः विद्यार्थीको सिकाइ प्रक्रियामा नकारात्मक असर पर्ने देखिन्छ।

शिक्षकमा दबाबमाः कार्यदिन घटेपछि शिक्षकले छोटो समयमा धेरै विषय पढाउनुपर्ने हुन्छ। कक्षा छिटो सकाउनुपर्ने दबाब बढ्छ। मूल्याङ्कन, परियोजना कार्य तथा अतिरिक्त क्रियाकलापका लागि समय कम हुन्छ। यसले शिक्षणको गुणस्तर घटाउन सक्छ।

सहक्रियात्मक गतिविधिमा कमीः विद्यालय शिक्षामा खेलकुद पुस्तकालय प्रयोगशाला कला, संगीत वक्तृत्व, हाजिरीजवाफ जस्ता गतिविधिको पनि महत्व हुन्छ। विद्यार्थीलाई नियमित पठनपाठन र परीक्षाका अन्य अतिरिक्त क्रियाकलाप र परियोजना कार्यसमेतमा सहभागी गराउनुपर्ने हुन्छ। तर, समय अभाव हुँदा विद्यालयले केवल पाठ्यपुस्तकमा केन्द्रित पढाइमा जोड दिन सक्छ। यसले विद्यार्थीको अतिरिक्त क्रियाकलाप र समग्र वृत्ति विकासमा असर पुऱ्याउनेछ।

मूल्याङ्कन प्रणालीमा असरः समय अभावका कारण नियमित परीक्षण घट्न सक्छ। अभ्यास परीक्षा कम हुन सक्छ। शिक्षकले कापी जाँच र प्रतिक्रिया दिन पर्याप्त समय नपाउन सक्छन् यसले विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनलाई अत्यन्त कमजोर बनाउँछ।

ग्रामीण क्षेत्रमा नकारात्मक प्रभावः ग्रामीण क्षेत्रमा दुई दिन बिदा हुँदा विद्यार्थी खेतीपाती वा श्रममा बढी संलग्न हुन सक्छन्। विद्यालय फर्किएपछि अध्ययनमा ध्यान केन्द्रित गर्न कठिन हुन सक्छ। अनुपस्थितिको समस्या बढ्न सक्छ। यसले सहरी र ग्रामीण क्षेत्रबिच शैक्षिक असमानता अझ बढाउने सम्भावना रहन सक्छ।

अतिरिक्त भारः विद्यालयले समय पूर्ति गर्न दैनिक कक्षा अवधि बढाउने, बिहान चाँडो वा बेलुका ढिलो सञ्चालन गर्ने प्रयास गर्न सक्छन्। साना विद्यार्थी थाक्ने, यातायात समस्या, वर्षा, गर्मी वा जाडोको असरले समय व्यवस्थापनको व्यावहारिक कठिनाइ उत्पन्न हुने देखिन्छ।

दुई दिन बिदाले धेरै परिवारमा बालबालिकाको अतिरिक्त घुमफिर, मनोरञ्जन वा खर्च बढाउन सक्छ। कमजोर आर्थिक अवस्था भएका परिवारका लागि यो थप आर्थिक बोझ बन्न सक्छ।

शैक्षिक समयको कमीः नेपालमा प्राकृतिक विपत्ति, चाडपर्व, आन्दोलन, बन्द, अत्यधिक जाडो वा वर्षाका कारण विद्यालय नियमित सञ्चालन हुन नसक्ने अवस्था बारम्बार देखिन्छ। यस्तो अवस्थामा हप्तामा दुई दिन बिदा थपिँदा शिक्षण दिन झन् घट्ने खतरा हुन्छ। यसले पाठ्यक्रम पूरा गर्न कठिन बनाउँछ। शिक्षक तथा अभिभावकको असुविधा जस्ता चुनौती आउन सक्छन्।

मोबाइलमा झुम्मिने समस्याः लामो समय बिदामा रहँदा धेरै विद्यार्थी मोबाइल, भिडियो गेम, सामाजिक सञ्जाल तथा अनावश्यक मनोरञ्जनमा समय बिताउन सक्छन्। यसले अध्ययनमा ध्यान घटाउने, अनुशासन कमजोर बनाउने तथा मानसिक असरसमेत पार्न सक्छ। यस्तोमा सबै अभिभावक घरमै उपलब्ध नहुने भएकाले दुई दिन बालबालिकाको निगरानी गर्न कठिन हुन सक्छ। यो आफैमा चुनौतीपूर्ण छ।

कमजोर अनुशासनः नियमित विद्यालय वातावरणबाट टाढा हुँदा विद्यार्थीको अनुशासन, समय व्यवस्थापन र अध्ययन संस्कारमा नकारात्मक असर पर्न सक्छ। खेलकुद र घुमफिरमा बढी समय बिताउने, धेरै समय घरबाहिर रहँदा गलत संगतमा पर्ने र अनुशासनहीनताका गतिबिधिमा संलग्न हुने संभावना अत्यधिक बढ्ने देखिन्छ।

सामाजिक विकृति बढ्ने आशंकाः किशोरावस्थाका विद्यार्थी लामो खाली समयमा गलत संगत, दुर्व्यसन वा सामाजिक विकृतितर्फ आकर्षित हुने जोखिम बढ्न सक्छ। लामो समय किशोरावस्थाका विद्यार्थी पढाइभन्दा अन्य शंकास्पद गतिविधितर्फ आकर्षित गर्ने सम्भावना भएकाले सामाजिक विकृति बढ्ने आशङ्का गर्न सकिन्छ।

आर्थिक अवस्थासँग असन्तुलनः विकसित देशहरूमा दुई दिन बिदाको व्यवस्था त्यहाँको आर्थिक, सामाजिक तथा व्यवस्थापकीय संरचनासँग मेल खान्छ। तर, नेपालमा अझै पनि धेरै अभिभावक आर्थिक समस्यासँग जुधिरहेका हुनाले लामो बिदाले अतिरिक्त खर्च तथा अनावश्यक गतिविधि बढाउन सक्छ र आर्थिक अवस्था असन्तुलन हुने सम्भावना बढ्न सक्छ।

प्रतिस्पर्धात्मक युगमा प्रत्युत्पादकः आजको विश्व तीव्र प्रतिस्पर्धामा अघि बढिरहेको छ। विज्ञान, प्रविधि र ज्ञानको क्षेत्रमा निरन्तर अभ्यास आवश्यक हुन्छ। यस्तो अवस्थामा दुई दिन बिदा दिएर विद्यार्थीको अध्ययन समय घटाउनु भनेको आजको तीव्र प्रतिस्पर्धामा अघि बढिरहेको विश्वबाट विद्यार्थीलाई टाढा पुऱ्याउनु जस्तै हो। विज्ञान, प्रविधि युगमा विद्यार्थीको भविष्यका लागि यो दुई दिने बिदा प्रत्युत्पादक बन्न सक्छ।

निष्कर्ष

विद्यालय केवल पढाइ गर्ने स्थान मात्र होइन, अनुशासन, समय व्यवस्थापन र सामाजिक व्यवहार सिकाउने केन्द्र पनि हो। शिक्षा राष्ट्रको विकास, चेतना र सभ्यताको आधार हो भने विद्यालय विद्यार्थीको व्यक्तित्व निर्माण गर्ने महत्त्वपूर्ण संस्था हो। नेपालको वर्तमान शैक्षिक अवस्था, ठुलो पाठ्यभार, सीमित शैक्षिक पूर्वाधार तथा अनियमित विद्यालय सञ्चालनको अवस्थालाई हेर्दा दुई दिने बिदाले कार्य घण्टा र पाठ्यक्रम व्यवस्थापनमा गम्भीर चुनौती सिर्जना गरेको छ। यसले शिक्षणको गुणस्तर, पाठ्यक्रम सम्पन्नता, सिकाइको निरन्तरता तथा विद्यार्थीको शैक्षिक उपलब्धिमा नकारात्मक असर पार्ने सम्भावना देखिन्छ। वर्तमान शैक्षिक अवस्था, सामाजिक संरचना, आर्थिक अवस्था तथा विद्यार्थीहरूको व्यावहारिक वास्तविकतालाई हेर्दा हाल विद्यालयमा दिइरहेको दुई दिने बिदा त्यति व्यावहारिक, सकारात्मक र उपयुक्त देखिँदैन।



शिवसताक्षी नगरपालिकाको अनुरोध

१. जन्म, मृत्यु, विवाह, बसाइँसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं ।
२. व्यक्तिगत घटनाको दर्ता प्रमाण पत्र सुरक्षित राखौं।
३. नगर क्षेत्रका मठमन्दिर र सार्वजनिक स्थलको संरक्षण गरौं।
४. नगरलाई सफा राखी सुन्दर नगरको परिचय दिऔं साथै बजारलाई सफा राखी सभ्य नागकिको परिचय दिऔं।
५. मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुरा नखाऔं।
६. घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा नगरपालिकाको मापदण्ड अनुसार नक्शा पास गराई निर्माण कार्य गरौं।
७. सडक तथा पेटी-किनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
८. बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं।
९. प्लाष्टिकमुक्त नगर बनाउन सहयोग गरौं।
१०. उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
११. मन्दिर, गुम्बा, माङहिम आदि साँस्कृतिक सम्पदाहरुको संरक्षण गरौं।
१२. आइपर्ने विपत्तीलाई ध्यानमा राखी आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
१३. ज्येष्ठ नागरिकहरुलाई उचित स्याहारसहित सम्मान गरौं।
१४. समयमै कर तिरौं, जरिवानाबाट बचौं।
१५. सबै बालबालिकालाई विद्यालय पठाऔं।
१६. चाडपर्वमा जुवातास, लङ्गुरबुर्जा लगायतका कानूनले निषेधित गरेका खेल नखेलौं, चाडपर्वलाई मर्यादित ढङ्गले मनाऔं।
१७. चाडपर्वमा खानपानमा ध्यान दिऔं, स्वस्थ रहौं।

शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
ब्याडडाँडा (झापा)

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

Email: dms.shivasatakshimun@gmail.com

ब्याङ्गडाँडा, झापा | कोशी प्रदेश, नेपाल।

प.स. प्रशासन ०८१/८२
च.न.

मिति :-२०८२/०२/२२
ने.स.११४५ तछलाथ्व १०

सूर्तिजन्य पदार्थ विक्री वितरण नगर्ने सम्बन्धी अत्यन्तै जरुरी सूचना ।

धुम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यका लागि अत्यन्तै हानिकारक भएको र यसको सेवनले मानव जीवनको आर्थिक,समाजिक र साँस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएको ब्यहोरा सर्वमा विढितै छ । सो ब्यहोरा जानकारी हुदा हुदै समेत यस नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुका आसपासमा रहेका पसलहरुमा सूर्तिजन्य पदार्थको विक्री वितरण गरि विद्यार्थीहरुको स्वास्थ्य तथा आनिवानीमा नकारात्मक असर परिरहेको भन्ने जनगुनासाहरु प्राप्त भईरहेको सन्दर्भमा सूर्तिजन्य पदार्थ(नियन्त्रण र नियमन गर्ने),ऐन २०६८(संशोधन सहित) को दफा ११ मा भएको ब्यवस्था अनुसार देहाय बमोजिम गर्न गराउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यस सूचनाको वेवास्ता गरेमा सूर्तिजन्य पदार्थ(नियन्त्रण र नियमन गर्ने),ऐन २०६८(संशोधन सहित) को दफा १७ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ११(ञ)१४ अनुसार हुने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

गर्न नहुने कार्यहरु

१. शिक्षण तथा स्वास्थ्य संस्था, वाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र सार्वजनिक स्थलको कम्तिमा १००(एक सय) मिटर भित्रको घर,पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण नगर्नु नगराउनु ।
२. कसैले पनि १८ वर्ष नपुगेका ब्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउने कार्य नगर्नु नगराउनु ।
नोट- विक्रेताले कुनै क्रेताको उमेर यकिन हुन चाहेमा निज क्रेतासंग आवश्यक प्रमाण समेत माग्न सक्ने छ । (सूर्तिजन्य पदार्थ(नियन्त्रण र नियमन गर्ने),ऐन २०६८(संशोधन सहित) को दफा ११ को उपदफा २ अनुसार।)
३. सबै शिक्षण तथा स्वास्थ्य संस्थाहरुले बुँदा नं १ बमोजिमको क्षेत्र(AREA) भित्र सूर्तिजन्य पदार्थको विक्री वितरण भईरहेको भए सो हटाउन लगाउने वा नगरपालिकाको कार्यालयमा जानकारी गराउने ।

सुनिता तुम्बाहाङफे
प्रमुख प्रशासकीय अधिकृत

G:\DILLI\डिल्ली\Dilli\Letter Pad 123.doc

फोन 9852634111 ,9842638541 Email–dms.shivasatakshimun@gmail.com,Website-www.shivasatakshimun.gov.np

---

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

ब्याङ्गडाँडा,झापा | कोशी प्रदेश,नेपाल

प.स. प्रशासन ०८२ ८३
च.न.

मिति :-२०८२/०६/२१
ने.स.११४५कौलाथ्व १५

खुल्लारुपमा पेट्रोलियम पदार्थ विक्री वितरण नगर्ने सम्बन्धी अत्यन्तै जरुरी सूचना ।

पेट्रोलियम पदार्थ विक्रेता नियमावली,२०७५ को दफा ८ अनुसार पेट्रोलियम पदार्थ विक्री स्थल राख्न सम्वन्धित पालिकाको सिफारिस हुनु पर्ने, दफा १२ अनुसार पेट्रोलियम पदार्थ विक्रेताको प्रमाण पत्र लिनु पर्ने समेतको व्यवस्था रहेकोमा यस नगरपालिका क्षेत्रमा केहि किराना खाद्यान्न पसल,खुद्रा पसल,कपडा पसल,होटल व्यवसाय तथा सडकको पेटीमा समेत वोतल,जर्किन लगायतका भाडोमा राखि विक्री वितरण गरिरहेको भन्ने जनगुनासाहरु प्राप्त भएका छन् ।

पेट्रोलियम पदार्थ अति प्रज्वलनशिल भएका कारण खुल्लारुपमा विक्री वितरण गर्नु आगलागी जस्ता विपद जोखिम निम्त्याउनु हो । वोतल,जर्किन जस्ता भाडोहरुमा राखी घर,पसल,गोदाममा भण्डारण गर्दा आगलागी भई मानविय एवं भौतिक क्षति हुने,पेट्रोलियम पदार्थको तौल कम तथा गुणस्तरहिन समेत हुने अवस्थालाई मध्यनजर राख्दै शिवसताक्षी नगरपालिका क्षेत्रमा पेट्रोलियम पदार्थ विक्री वितरण गर्ने अनुमति नलिएका सवै प्रकारका व्यवसायी एवं सवैलाई वोतल, जर्किन जस्ता भाडोमा राखि खुल्लारुपमा पेट्रोलियम पदार्थ विक्री वितरण नगर्नु नगराउनु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै अनुमति प्राप्त गरेका पेट्रोल पम्पहरुलाई समेत पेट्रोलियम पदार्थ विक्रेता नियमावली,२०७५को परिच्छेद ६ अनुसार गर्नु गराउनु हुन समेत यो सार्वजनिक सूचना जारी गरिएको छ ।

अति प्रज्वलनशिल पदार्थको रुपमा रहेको पेट्रोल खुल्लारुपमा विक्री वितरण गरेको वा भईरहेको देखेमा,बुझेमा वा जानकारी भएमा देहाय अनुसारका आधिकारीक कार्यालय वा ब्यक्तिलाई जानकारी वा सूचना दिन हुन समेत सवै आम उपभोक्ताहरुमा अनुरोध छ ।

देहाय-
श्री शिवसताक्षी नगरपलिकाको कार्यालय, ब्यौंगड्डाडा झापा ।
उपप्रमुख एवं बजार अनुगमन समिति संयोजक श्री नरमाया कार्की सम्पर्क नं ९८४८८३४६०९

सुनिता तुम्बाहाङफे
प्रमुख प्रशासकीय अधिकृत

शिवसताक्षी नगरपालिकाद्वारा सञ्चालित आपत्कालीन सेवाका सम्पर्क नम्बरहरु

दमकल (वारुण यन्त्र) : नवराज लामिछाने (नगर प्रहरी सहायक निरीक्षक) - ९८१४९६९६६४
हरिकृष्ण घिमिरे (चालक) - ९८४२०७५०८३/९८२५९८३२९९ /**किरण सुवेदी** (फायर मेन)- ९८२८८४८४१८
प्रवेश कार्की (नगर प्रहरी जवान)- ९८२६९३५९०९ /
सागर लक्सम्बा (नगर प्रहरी जवान)- ९८१७०९६७९३ / **श्रवण मल्लिक** (नगर प्रहरी जवान)- ९८०७९२९२१४
एम्बुलेन्स : सुनिल चौधरी (चालक) - ९८१५१८५९४९

राष्ट्रपति रनिङ शिल्डका पदक विजेता खेलाडीहरु सम्मानित

झापा/ झापा जिल्ला खेलकुद विकास समितिले १६औं राष्ट्रपति रनिङशील्ड प्रतियोगितामा पदक विजेता झापाली खेलाडीहरुलाई नगदसहित सम्मान गरेको छ । समितिले पदक ल्याउने खेलाडीका प्रशिक्षकहरुलाई पनि सम्मान गरेको छ।

भद्रपुरस्थित जिल्ला समन्वय समिति झापाको सभाहलमा आयोजित समारोहमा पदकधारी खेलाडी र प्रशिक्षकलाई सम्मान गरिएको हो । सोही समारोहमा झापा जिल्ला खेलकुद विकास समितिको निवर्तमान कार्यसमितिलाई पनि सम्मानसहित विदाइ गरिएको छ ।

समितिका अध्यक्ष शेखर कडेलको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा समारोह सम्पन्न भएको हो । कार्यक्रममा राष्ट्रिय १६औं राष्ट्रपति रनिङशील्ड प्रतियोगितामा झापाको प्रतिनिधित्व गर्दै करातेतर्फ स्वर्ण पदक विजेता प्रतिशा नेपाललाई १५ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको थियो । यस्तै, एथलेटिक्स विधामा रजत पदक जित्न सफल टंक यादवलाई १० हजार नगदसहित सम्मानपत्र प्रदान गरियो । सोही विधामा १५औं राष्ट्रपति रनिङशील्डमा रजत पदक जित्ने सुजन मण्डललाई पनि नगद १० हजारसहित सम्मान गरिएको थियो । त्यसैगरी, तेक्वान्दोमा कास्य पदक विजेता रेशिका धिमाल र आयुषा बोहोरा एवम् उसुतर्फ कास्य पदक विजेता रासिम राई र आशिका तिरुवालाई नगद ७ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको थियो । १५औं राष्ट्रपति रनिङशील्डमा करातेे विधामा कास्य पदक जितेका आर्यन दाहाललाई पनि नगद ७ हजारसहित सम्मान गरियो । यसैगरी, चौथो राष्ट्रिय लेजर-रन प्रतियोगितामा-२०२६ मा सिनियरतर्फ प्रथम हुने दमकका सरोज सिंह र जुनियरतर्फ प्रथम हुने दमककै सनम आङदेम्बेलाई पनि सम्मान गरिएको थियो ।

समारोहमा झापाका खेलाडीलाई पदक दिलाउन प्रशिक्षकको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गरेका करातेतर्फका प्रशिक्षक डम्बर सुनुवार, एथलेटिक्सतर्फका रामकुमार राजवंशी, तेक्वान्दोतर्फका चन्द्र गौतम र प्रतिमा तामाङ तथा उसुका पूजा खवासलाई सम्मान गरिएको थियो । सम्मानित खेलाडी तथा प्रशिक्षकहरुलाई प्रमुख अतिथि भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, विशिष्ट अतिथि जिल्ला समन्वय समिति झापाका उपप्रमुख शान्ता रोक्का, कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य बालाजीत राई, कोशी प्रदेशसभाका पूर्व सदस्य वसन्तकुमार वानियाँ, भद्रपुर नगरपालिकाका निवर्तमान नगरप्रमुख जीवनकुमार श्रेष्ठ, झापा जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त', झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले 'मामा'लगायतले दोसल्ला ओढाएर, नगदसहित सम्मानपत्र हस्तान्तरण गरेका थिए । सोही समारोहमा झापा जिल्ला खेलकुद विकास समितिको निवर्तमान कार्यसमितिलाई दोसल्ला ओढाएर सम्मानपत्रसहित विदाइ गरिएको थियो। अध्यक्ष कँडेलले निवर्तमान अध्यक्ष भेषराज भण्डारी, उपाध्यक्ष गंगा भुर्तेल कोइराला, सदस्यहरु जगन कार्की 'दुर्वासा, शम्शेर मोक्तान, गंगा तुम्बापो, चेतामणि खनाल, पूर्णिमा सिटौलालाई दोसल्ला ओढाएर सम्मान गरेका थिए भने प्रमुख अतिथि पोखरेलले सम्मानपत्र हस्तान्तरण गरेका थिए । उपाध्यक्ष लक्ष्मी देवानले स्वागत र कराते प्रशिक्षक दुर्गाराज निरौलाले सञ्चालन गरेको समारोहमा प्रमुख अतिथि पोखरेलले झापालाई खेलकुदको हब बनाउने गरी भद्रपुर नगरपालिकाले लगानी गरिरहेको बताउँदै यसका लागि प्रदेश र संघीय सरकारले पनि सहयोग गर्नुपर्ने बताए । उनले अघिल्लो सरकारले मेची रंगशालाको स्तरोन्नतिका लागि छुट्याएको बजेटमा केही अंश वर्तमान सरकारले कटौती गरेको भन्दै असन्तोष व्यक्त गरे ।

झापा जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष भण्डारीले आफ्नो कार्यकालमा झापाको खेलकुद क्षेत्रलाई नयाँ उचाइमा पुर्याउन सफल भएको भन्दै जीर्ण अवस्थामा रहेको मेची रङ्गशालाको मुहार फेरेको र चर्चित भद्रपुर झापा गोल्डकपको शुरुआत गरेको सुनाए । आफ्नो समितिले झापाको खेलकुद विकासका लागि निस्वार्थरुपमा अहोरात्र काम गरेको बताउँदै नवगठित समितिबाट त्यसलाई निरन्तरता दिने मात्र नभई अझ थप काम हुनेमा आफू विश्वस्त रहेको बताए । जिसस झापाका उपप्रमुख रोक्काले वर्तमान अवस्थामा खेलकुद क्षेत्रमा महिला सहभागिता बढ्दै गएको बताउँदै यसले महिला सशक्तिकरणमा टेवा पुग्ने बताइन् । यसैबीच, जिल्ला खेलकुद विकास समिति झापाको कार्यससमितिलाई पूर्णता दिइएको छ ।

कोशी प्रदेश विकास बोर्डले यसअघि अध्यक्ष र उपाध्यक्ष नियुक्त गरेकोमा सदस्यहरु पनि नियुक्त गरिसकेको झापा जिल्ला खेलकुद विकास समितिका कार्यालय सचिव विष्णुकुमार नेम्बाङले जानकारी दिए। नेम्बाङका अनुसार समितिको सदस्यमा प्रकाश शर्मा, कमला लिम्बू, विक्रम मेचे, राजेन्द्र लिम्बू, रोशन दाहाल, रेश्मा राजवंशी, सन्तप्रसाद चौलागाईं र इन्दु न्यौपाने चयन भएका छन् ।

साइनो साकोसका अध्यक्ष बचतकर्ताको रकम हिनामिनाको आरोपमा पक्राउ

झिलझिले/ शिवसताक्षी नगरपालिका-८, झिलझिलेस्थित साइनो बचत तथा ऋण सहकारी संस्थामा बचतकर्ताको लाखौं रुपैयाँ हिनामिना भएको आरोपमा संस्थाका अध्यक्ष दिपककुमार मेन्याङ्बो लिम्बू पक्राउ परेका छन् ।

बचतकर्ताले दिएको उजुरीका आधारमा प्रहरीले गत असारमा लिम्बूलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार अध्यक्ष लिम्बूसहित सहकारीका आठ जना सञ्चालक तथा कर्मचारीमाथि पनि बचत रकम हिनामिना गरेको आरोप लागेको छ। फरार रहेका उनीहरूको खोजी तथा अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानमा सहकारीबाट करिब ६ करोड रुपैयाँ बराबरको रकम अनियमितता भएको अनुमान गरिएको छ । यद्यपि हिनामिनाको यकिन रकम अनुसन्धानपछि मात्रै स्पष्ट हुने जनाइएको छ ।

पीडित बचतकर्ता खिलमान राईसहित नौ जनाले आफूहरूको १ करोड ८४ लाख रुपैयाँ बराबरको बचत फिर्ता नपाएको भन्दै प्रहरीमा जाहेरी दिएका छन् । उजुरीपछि प्रहरीले सहकारीका पदाधिकारीमाथि अनुसन्धान अघि बढाएको हो । यसअघि शिवसताक्षी नगरपालिकाले सहकारीमा देखिएको वित्तीय अनियमितताबारे छानबिन गरी प्रतिवेदनसहित कारबाहीका लागि प्रहरीलाई सिफारिस गरेको थियो । सोही सिफारिस र पीडितहरूको जाहेरीका आधारमा अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय झापाले साइनो बचत तथा ऋण सहकारी संस्थाबाट पीडित भएका अन्य बचतकर्ता तथा शेयरधनीलाई पनि सम्पर्कमा आउन आग्रह गरेको छ । अनुसन्धान अधिकृत प्रहरी निरीक्षक दुर्गाबहादुर भट्टराईद्वारा जारी सार्वजनिक सूचनामा विगतदेखि हालसम्म उक्त सहकारीमा आबद्ध रहेका बचतकर्ता तथा शेयरधनीलाई सात दिनभित्र बचत पासबुक,नागरिकताको प्रतिलिपि, एफडी कार्ड तथा सम्बन्धित कागजातसहित जिल्ला प्रहरी कार्यालय झापामा उपस्थित हुन अनुरोध गरिएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी डीएसपी रञ्जन अवाले अध्यक्ष लिम्बूलाई नियन्त्रणमा राखेर अनुसन्धान भइरहेको तथा अन्य आरोपितहरूको खोजी तीव्र बनाइएको जानकारी दिए ।

पातालगंगा साकोसका अध्यक्ष तथा व्यवस्थापकसहित एकै परिवारका ५ जनालाई रकम अपचलनको दोषी ठहरसहित कैद र जरिवाना

त्यसैगरी झापाको बिर्तामोडस्थित पातालगंगा बचत तथा ऋण सहकारी संस्थाको दुई करोड रुपैयाँभन्दा बढी रकम हिनामिना गरेको अभियोगमा झापा जिल्ला अदालतले एकै परिवारका पाँच जनालाई कैद र जरिवानाको सजाय सुनाएको छ। अदालतले सहकारीको रकम अपचलनमा संलग्न रहेको ठहर गर्दै संस्थाका तत्कालीन अध्यक्ष तथा व्यवस्थापक रेवती खनालसहित उनका परिवारका चार सदस्यलाई दोषी ठहर गरेको हो। यो फैसला गत वर्ष नै भइसकेको भए तापनि यसको पूर्णपाठ भने भर्खरै मात्र सार्वजनिक भएको छ । जिल्ला अदालत झापाका न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले सहकारी ऐन, २०७४ अन्तर्गत पूर्वअध्यक्ष एवं व्यवस्थापक खनाललाई मुख्य दोषी ठहर गर्दै ६ वर्ष कैद सजाय सुनाएको छ । यसका साथै उनलाई १ करोड ३७ लाख ८२ हजार ३५२ रुपैयाँ ८४ पैसा जरिवाना, सोही बराबरको बिगो भराउने र अपराध पीडित संरक्षण कोषमा ५ लाख ५१ हजार २९५ रुपैयाँ थप रकम बुझाउनसमेत आदेश दिएको छ । खनालले पदीय हैसियतको दुरुपयोग गरी सञ्चालक समितिको अनुमतिबिना आफ्ना नजिकका आफन्तका नाममा बिना धितो ऋण प्रवाह गरेर रकम अपचलन गरेको पुष्टि भएपछि अदालतले उनका परिवारका सदस्यहरूलाई पनि सजाय सुनाएको हो । सजाय पाउने अन्य सदस्यहरूमा खनालकी श्रीमती कमलादेवी भट्टराई खनाल, भाइ सिताराम खनाल, बहिनी गोमा खनाल भण्डारी र मामाससुरा अनन्तजीवन लुइँटेल रहेका छन् । अदालतले उनीहरू चारै जनालाई सहकारीको रकम हानी-नोक्सानी पुऱ्याएको अभियोगमा दोषी ठहर गर्दै जनही २ वर्ष कैद र १७ लाख ६ हजार ५०६ रुपैयाँ जरिवानाको सजाय सुनाएको छ । उनीहरूलाई जनही सोही बराबरको बिगो भराउने तथा ६८ हजार २६० रुपैयाँका दरले अपराध पीडित संरक्षण कोषमा रकम जम्मा गर्न पनि अदालतले आदेश दिएको छ ।

वि.सं. २०६५ मा अनारमनी-३, झापामा दर्ता भएको यस सहकारीमा खनाल २०६९ सालदेखि लेखा संयोजकका रूपमा प्रवेश गरेका थिए र पछि २०७१ साल असोज ५ गतेदेखि उनी अध्यक्षसँगै व्यवस्थापक प्रमुखको जिम्मेवारीमा आएका थिए । अदालतको निष्कर्षअनुसार खनालले २०७१ देखि २०७८ सालसम्ममा नक्कली ऋणी खडा गरी संस्थाबाट १ करोड ५४ लाख ८२ हजार १८ रुपैयाँ हिनामिना गरेका थिए । उनले सञ्चालक समितिको मञ्जुरीबिना २०७७ असार ३१ गते आफ्नी श्रीमती, भाइ, बहिनी र मामाससुराको नाममा जनही १५ लाख रुपैयाँ ऋण देखाएर सो रकम आफैं प्रयोग गरेका थिए । यसरी ऋणीहरूले बुझाएको अन्य रकमसमेत गरी कुल २ करोड ६ लाख ८ हजार ३८३ रुपैयाँ अपचलन भएको अदालतको ठहर छ । संस्थाको आर्थिक अभिलेख लुकाउन खनालले कम्प्युटरमा प्रयोग भइरहेको 'अक्सपान' सफ्टवेयर हटाएर 'कोसीस' सफ्टवेयर सञ्चालनमा ल्याएको, प्रमाण नष्ट गर्न महत्वपूर्ण कागजातहरू जलाएको तथा संस्थाको माइन्युटसमेत किर्ते गरेको अदालतको फैसलामा उल्लेख छ । लामो समय फरार रही २०८२ वैशाखमा पक्राउ परेका रेवती खनालले मुद्दाको सुनुवाइका क्रममा आफूले सहकारीबाट रकम अपचलन गरेको स्वीकार गरेका थिए । उनले बयानका क्रममा आफूले बिना धितो र बिना प्रमाण, सञ्चालक समितिको सहमति नलिई तोकिएको भन्दा बढी रकम ऋण लगानी गरेको तथा यसमा अन्य प्रतिवादीहरूको किर्ते सहिछाप गरी आफैंले ऋण लिएको दाबी गरेका थिए । उनले आफूले करिब ९१ लाख रुपैयाँ मात्रै हिनामिना गरेको दाबी गर्दै परिवारका सदस्यहरूलाई यसबारे केही जानकारी नभएकाले सजाय हुन नपर्ने जिकिर गरेका थिए । यता प्रतिवादी बनाइएका परिवारका सदस्यहरूले भने ऋण लिएको बारे आफूहरूलाई कुनै जानकारी नभएको भन्दै अदालतमा इन्कारी बयान दिएका थिए । प्रतिवादीमध्येका मामाससुरा अनन्तजीवन लुइँटेलले आफूले सहकारीको कार्यालयसमेत नदेखेको र ऋणसम्बन्धी कागजातमा रहेको हस्ताक्षर तथा औंठाछापसमेत नमिलेको दाबी गर्दै जिल्ला अदालतको फैसलाविरुद्ध उच्च अदालत विराटनगरको इलाम इजलासमा पुनरावेदन दिएका छन् ।

मदन पुरस्कारका लागि १० कृति छानिए

काठमाडौं/ 'मदन पुरस्कार २०८२' का लागि छनोटमा परेका पुस्तकको 'श्रेष्ठ सूची' सार्वजनिक भएको छ। मदन पुरस्कार गुठीले १० वटा पुस्तकको सूची सार्वजनिक गरेको हो। २०८२ को मदन पुरस्कारका लागि प्राप्त भएका २९८ पुस्तकमध्ये गुठीले १० वटालाई 'श्रेष्ठ सूची' का रूपमा छनोट गरेको हो । यिनै १० वटा पुस्तकमध्येबाट एउटा सर्वोत्कृष्ट पुस्तकलाई मदन पुरस्कार प्रदान गरिनेछ । मदन पुरस्कार गुठीले सार्वजनिक गरेको श्रेष्ठ १० पुस्तकहरूमा केशवराज ज्ञवालीको 'अज्ञात', केशव दाहालको 'इथा', ललित विष्टको 'उत्कर्ष', रोशनकुमार झाको 'नेपालमण्डलसँग जोडिएको सिम्रौनगढको इतिहास, वीणा जोशी (राजभण्डारी) को 'नेवार समुदायका परम्परागत मुकुन्डोनाच', उमा सुवेदीको 'परिधि', सीमा आभासको 'महायुग', श्रवण मुकारुङको 'सलह', डा. नवराज केसीको 'स्वस्पर्श' र नदीशको 'हिउँद' रहेका छन्। २०८१ सालको मदन पुरस्कार छुदेन काविमोको पुस्तक 'उरमाल' ले प्राप्त गरेको थियो ।

वि.सं. २०१२ मा स्थापित मदन पुरस्कार गुठीले पहिलो पटक २०१३ सालमा गद्य विधामा सत्यमोहन जोशीको 'हाम्रो लोक संस्कृति', सामाजिक शास्त्रमा चित्तरञ्जन नेपालीको 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' तथा विज्ञान विधामा बलराम जोशीको 'अधिकविभव स्थिरविद्युत् उत्पादक' कृतिलाई मदन पुरस्कार अर्पण गरेको थियो ।

२०७५ सालदेखि मदन पुरस्कारको राशि चार लाख रुपैयाँ रहेको छ ।

बढ्दो कानुनी चुनौति रोक्न विद्यालय नेतृत्वलाई अभिमूखीकरण

बिराटनगर/ सामाजिक सञ्जालको दुरुपयोग, साइबर बुलिङ, विद्यालयभित्र हुने हिंसा, यौनजन्य दुर्व्यवहार तथा बालअधिकार उल्लङ्घनका घटना बढ्दै जाँदा विद्यालयहरू कानुनी रूपमा थप संवेदनशील बन्दै गएका छन । तर अधिकांश विद्यालय नेतृत्व सामान्य कानुनी प्रक्रियाबारे समेत पर्याप्त जानकार नहुँदा साना विवादसमेत प्रहरी र अदालतसम्म पुग्ने अवस्था देखिन थालेको छ ।

यही अवस्थालाई मध्यनजर गर्दै मनमोहन प्राविधिक विश्वविद्यालयअन्तर्गतको इन्स्टिच्युट अफ ल ले विराटनगरका निजी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समिति र प्रशासनिक नेतृत्वलाई लक्षित गर्दै कानुनी साक्षरता अभिमुखिकरण सुरु गरेको छ । विराटनगरमा आइतबार आयोजित अभिमुखीकरण कार्यक्रममा विद्यालयमा विद्यार्थीबीच हुने झैझगडा, साइबर बुलिङ, सामाजिक सञ्जालमा शिक्षक वा विद्यार्थीको तस्बिर तथा भिडियोको दुरुपयोग, विद्यालयको गोपनीयता भंग, यौन हिंसा, बालअधिकार उल्लङ्घन तथा विद्यालय सुशासनसँग सम्बन्धित कानुनी व्यवस्थाबारे जानकारी विद्यालय नेतृत्वलाई जानकारी गराइएको थियो।

अभिमुखिकरणमा मनमोहन इन्स्टिच्युट अफ लका शिक्षक तथा अधिवक्ता जिवेश झाले विशेषगरी विद्यार्थीले सामाजिक सञ्जालमा गर्ने गतिविधि, कृत्रिम बौद्धिकता (एआई) मार्फत तस्बिर वा भिडियोको दुरुपयोग, शिक्षक-विद्यार्थी सम्बन्धबाट उत्पन्न हुने कानुनी जटिलता तथा विद्यालय प्रशासनले अपनाउनुपर्ने कानुनी प्रक्रियाबारे विद्यालय सञ्चालन गर्ने नेतृत्वहरुलाई जानकारी गराएका थिए। विश्वविद्यालयका उपकुलपति डा. सुवासश्री पोखरेलले पछिल्ला वर्षमा विद्यालयमा साइबर अपराध र कानुनी विवाद बढ्दै गएकाले विद्यालय नेतृत्वलाई समयमै कानुनी रूपमा सक्षम बनाउन समाजिक दायित्वलाई बुझेर अभिमुखिकण्रण अभियान सुरु गरिएको बताए अभिमुखिमरणमा सहभागी विद्यालय नेतृत्वहरुलाई भिसी पोखरेलले भने 'बढदो साइबर अपराध, बालअधिकार र यौन हिंसासम्बन्धी कानुनी जानकारी प्रत्येक विद्यालय नेतृत्वका लागि अनिवार्य भइसकेको अनुशासन बुझेर मात्र पुग्दैन। ' उपकुलपति पोखरेलका अनुसार मनमोहन प्राविधिक विश्वविद्यालयले समुदायसँग प्रत्यक्ष जोडिने उद्देश्यले आफ्ना तीनवटै शैक्षिक स्कुलमार्फत ज्ञान हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिरहेको छ । इन्जिनियरिङ, स्वास्थ्य र कानुनका क्षेत्रमा विद्यालयसँग सहकार्य विस्तार गर्न मनमोहन विश्वविद्यालय र विद्यालयहरु विच मीत लगाउने योजना ल्याउन लागेको उनले जानकारी दिए । विश्वविद्यालयका रजिस्ट्रार डा. किशोर अधिकारीले विद्यालय तथा कलेजलाई कानुनी र मनोवैज्ञानिक परामर्श उपलब्ध गराउन विश्वविद्यालयले छिट्टै 'लिगल परामर्श क्लिनिक' सञ्चालन गर्ने जानकारी दिए । उनले विद्यालयमा देखिने कानुनी विवाद समाधानका लागि प्रत्यक्ष परामर्श सेवा आवश्यक भएको बताए ।

हाल मनमोहन प्राविधिक विश्वविद्यालयमा स्कुल अफ इन्जिनियरिङ, स्कुल अफ मेडिसिन एन्ड एलाइड हेल्थ साइन्सेज तथा स्कुल अफ एप्लाइड साइन्स, टेक्नोलोजी एन्ड ल सञ्चालनमा छन । सञ्चालन भैरहेका यिनै स्कुलहरु मार्फत मनमोहनले समुदायस्तरमा ज्ञानआदानप्रदान गर्दै विद्यालय र संघसँस्थाहरुसँग सहकार्य गर्न थालेको छ। इन्स्टिच्युट अफ लका प्रमुख अधिवक्ता कोषराज न्यौपानेले विद्यालयमा हुने धेरै विवाद कानुनको जानकारी अभावकै कारण जटिल बन्ने गरेको पाइएकोले शिक्षा ऐन, संविधान, साइबर कानुन, बालबालिकासम्बन्धी ऐन, यौनजन्य अपराध तथा विद्यालय सुशासनसम्बन्धी कानुनको आधारभूत ज्ञान विद्यालय नेतृत्वलाई अनिवार्य रहेकाले अभिमुखिकरण थालेको बताए । मनमोहन कानुन अध्यन केन्द्रका शिक्षक तथा अधिवक्ता जीवेश झाले विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीका अधिकार, दायित्व र कानुनी जोखिमबारे सहभागी विद्यालयका नेतृत्वहरुलाई जानकारी गराएका थिए ।

विराटनगर महानगरपालिकाको समेत आयोजना रहेको उक्त अभिमुखिकरणमा सहभागीहरूले विद्यालय सञ्चालनका क्रममा देखिने कानुनी तथा सामाजिक समस्याको समाधानबारे जिज्ञासा राखेका थिए। सहभागी विद्यालय नेतृत्वहरुका अनुसार बढदो डिजिटल गतिविधिले गर्दा विद्यालयमा विद्यार्थीबीच हुने साइबर बुलिङ र सामाजिक सञ्जालको दुरुपयोगले गोप्य तस्बिर वा भिडियोको दुरुपयोग (डीपफेक) नयाँ चुनौतीका रूपमा देखिन थालेको छ । यसैगरि विद्यालयमा हुने यौनजन्य दुर्व्यवहारका घटनामा विद्यालय प्रशासन र अभिभावकले कानुनी प्रक्रिया र अवस्था नबुझ्दा विवाद चर्किने गरेको छ। यसैगरि शुल्क रोजगारीका समान्य विवादबारेपनि भ्रामक प्रचार हुनेगरेका छन ।अझै पनि सञ्चालन भैरहका निजी र सामुदायिक विद्यालयहरुमा बालअधिकार, गोपनीयता र डिजिटल सुरक्षासम्बन्धी कानुनी दायित्वबारे पर्याप्त सचेतनाको अभाव छ। प्रचलित शिक्षा ऐन र संविधानको अधिकारसँगै व्यवस्थापन र खरिद ऐनबारे ज्ञान नहुँदा कुशासनको समस्या आउने गरेको छ ।

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरुलाई कृषिमा आकर्षित गरौं ।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सतासी Satasi Weekly News Paper प्रधान कार्यालय सतासीधाम – ५, झिलझिले, झापा

अध्यक्षः योगेन लावती, **प्रकाशक/सम्पादकः** प्रेम राई, **सम्पादकः** सेलिङ केसी (९८२५९३७२०९), **सह-सम्पादकः** छबिलाल दवाडी (९८४२६३११७६), **साहित्य सम्पादकः** विराट किराती,
लेखापालः कोपिला अधिकारी (९८१४९६४७७२) **वितरक** : नारायण शिवाकोटी (९८०४९६१९८४) **विशेष प्रतिनिधि** : गोविन ल्वागुन (९८१६०१२३५२) **कम्प्युटर ले-आउट** : उद्धव राई,
मुद्रण : दमक स्रष्टा छापाखाना, दमक (फोन नं. ०२३-५७५९७८) **कार्यालय सम्पर्क** : ०२३-४७०६७७ झिलझिले (झापा) इमेलः satashiweekly@gmail.com / website : satashikhabar.com